वर्ष : २०, अंक : ०५, काठमाडौं, २०८१ जेठ ४ गते शुक्रबार, 17 May, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी
https://www.facebook.com/madheshvaninews
https://twitter.com/madheshvani
https://www.youtube.com/@madheshvanit.v.7538
https://www.madheshvani.com

## ‘आर्थिक क्षेत्रमा महिला सहभागिता र सशक्तिकरण आवश्यक छ’



काठमाडौं । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले मुलुकको आर्थिक उत्पादकत्व बढाउन, लैङ्गिक असमानतालाई सम्बोधन गर्न र दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि आर्थिक क्षेत्रमा महिला सहभागिता र सशक्तिकरण महत्वपूर्ण आवश्यकता भएको बताएका छन् ।

उनले नेपालसहित दक्षिण एशियाली मुलुकका अगुवा महिलाहरुको सहभागितामा ललितपुरमा शुरु भएको **‘साउथ एशियन वुमन्स कन्फेरेन्स अन इकोनमिक इम्पावरमेन्ट-२०२४’** सम्मेलनको आइतबार उद्घाटन गर्दै उक्त कुरा बताएका हुन् ।

उनले भने, ‘डिजिटल रूपान्तरण मार्फत महिला सशक्तिकरण आजको आवश्यकता हो ।’ उपराष्ट्रपति यादवले केही सामाजिक मान्यताहरू लैङ्गिक समानताको लागि ठूलो बाधा भएको उल्लेख गर्दै दक्षिण एसियामा आर्थिक वृद्धि, बढ्दो शिक्षा, र घट्दो प्रजनन क्षमताको बावजुद अधिकांश विकासोन्मुख मुलुकहरूको तुलनामा महिलाहरू आर्थिक अवसरहरूबाट बञ्चित हुनु चिन्ताको विषय भएको बताए ।

‘आर्थिक सशक्तिकरणमा महिलाको आर्थिक अधिकार, न्यायको प्रवर्द्धन र कार्यस्थलहरूमा लैङ्गिक अन्तर रोक्नु पर्ने जस्ता विषयहरु समावेश छन्’ उनले भने, ‘ त्यस अनुरुप कार्य हुन आवश्यक छ । अझ नीति निर्माण र आर्थिक विकासमा महिलाको भूमिकालाई थप एकीकृत गर्दै अघि बढ्न सक्नु पर्दछ ।’

उपराष्ट्रपति यादवले राजनीतिमा नेपालले महिला सशक्तिकरणको क्षेत्रमा केही फड्को मारे पनि लैङ्गिक समानता, महिला उद्यमशीलता र वित्तीय स्रोतमा पहुँच जस्ता महत्वपूर्ण क्षेत्रमा अझै काम गर्न बाँकी रहेको बताए ।

‘व्यापार, उत्पादन, पर्यटन व्यवस्थापन, कृषि र अन्य विभिन्न क्षेत्रमा महिला सहभागिता आवश्यक छ’ उनले भने, ‘महिलाहरुको आर्थिक सशक्तिकरणमा बाधा पुऱ्याउने चुनौतिहरूलाई पहिचान गरी सामूहिक रूपमा सम्बोधनका लागि यो सम्मेलन कोशेढुंगा बन्ने विश्वास लिएको छु ।’

उनले महिलाहरूलाई विकासको मूलधारमा ल्याउनु आजको संसारमा प्रगति र सान्दर्भिकताका लागि आवश्यक मात्र नभई अत्यन्तै महत्वपूर्ण भएको समेत बताए ।

‘यो सम्मेलनले दक्षिण एसियाली महिला उद्यमीहरू र आर्थिक क्षेत्रमा क्रियाशिल महिलाहरूबीच नेटवर्किङका लागि एउटा राम्रो अवसर प्राप्त हुने विश्वास पनि लिएको छु’उनले भने, ‘नेपाली महिला उद्यमीहरू र सहभागिहरुका लागि नेटवर्किङका अलावा अन्य दक्षिण एसियाली देशहरूबीच संयुक्त व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न सम्मेलनले उत्प्रेरितगर्न सकोस् भन्ने शुभकामना छ ।’

## जसपा नेपालद्वारा सरकारबाट समर्थन फिर्ता

काठमाडौं । जनता समाजवादी पार्टी, नेपालले प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

सोमबार सभामुखलाई पत्र लेख्दै ‘नेपालको संविधानको धारा ७६ (२) बमोजिम गठन भएको सरकारलाई जनता समाजवादी पार्टी, नेपालले समर्थन गरी सरकारमा समेत सहभागी रहेकोमा अब उपरान्त सरकारलाई दिइएको समर्थन फिर्ता लिई सरकारबाट समेत बाहिरिएको’ भनी जानकारी गराएको हो ।

साथै अब जसपाले संसदमा प्रतिपक्षमा नै बसी आफ्नो रचनात्मक भूमिका निर्वाह गर्ने समेत जनाएको छ । जसपाबाट सरकारमा सहभागी भएका मन्त्रीहरूले राजीनामा दिएका छन् ।

## सामूहिक सत्याग्रहीको माझमा पुगे डा.अहिराज



कठमाडौं । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले राष्ट्रिय संयुक्त संघर्ष समितिको सामूहिक सत्याग्रहबारे जानकारी लिएका छन् ।

विभिन्न १८ बुँदे मागसहित काठमाडौँको कलङ्कीमा राष्ट्रिय संयुक्त समितिले बैशाख २४ गतेदेखि सामूहिक सत्याग्रह (आमरण अनसन) गर्दै आएको छ ।

सत्याग्रहीहरुको देश र नागरिक हितमा रहेका जायज मागहरुप्रति सरकारलाई गम्भीर हुन डा.अहिराजले आग्रह गरेका छन् ।

सत्याग्रहको १०औं दिन बुधबार पूर्वप्रदेश प्रमुख डा. अहिराजले सत्याग्रहीलाई राष्ट्रिय झन्डा उपहार दिँदै, पुष्प गुच्छा अर्पित गरेका थिए । साथै उनले कार्यक्रम सफलताको कामनासमेत गरेका हुन् ।

‘स्वदेशमै काम गरेर खान दे, उद्योगी व्यवसायी तथा आम नागरिकलाई बाँच्न दे’ भन्ने मूल नारासहित बैशाख २४ गतेदेखि सुरु भएको सत्याग्रह माग सम्बोधन नभएसम्म जारी रहने संघर्ष समितिको अडान छ ।

# मधेशमा जसपा नेपालको सरकार संकटमा

## मधेश प्रदेशमा अब कसको नेतृत्वमा सरकार बन्ला ?

जनकपुरधाम । मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वको सरकारका साझेदार दलले समर्थन फिर्ता लिएपछि अहिले सरकार गठन चुनौतीपूर्ण बनेको छ ।

जसपाले आफ्नो नेतृत्वमा रहेको सरकारको निरन्तरताका लागि विभिन्न दलसँग संवाद गरिरहेको छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि सरकार जोगाउन जसपाले अन्य दलसँग संवाद तीव्र बनाएको छ । एमाले र माओवादी पनि आआफ्नो नेतृत्वमा सरकार बनाउनका लागि अन्य दलसँग साथ र समर्थन मागिरहेका छन् ।

विगतदेखि नै संघीय सरकारभन्दा मधेश प्रदेश सरकारलाई प्राथमिकतामा राख्ने गरेको जसपाले संघीय सरकारबाट बाहिरिएलगत्तै अन्य दलसँग संवाद सुरु गरिसकेको छ । पार्टी अध्यक्ष उपेन्द्र यादवले उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री र नेता दीपक कार्कीले राज्यमन्त्रीबाट राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएर मधेशमा सरकार जोगाउन जोड गरिरहेका छन् । अध्यक्ष यादवले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरलाई उनकै निवासमा पुगेर सरकारलाई समर्थन गर्न आग्रह गरेका छन् भने अन्य दलसँग पनि संवादका लागि पहल गरिरहेका छन् ।

सरकारलाई समर्थन गरिरहेको नेकपा (एकीकृत समाजवादी) लाई साथमै राख्ने र सरकार बाहिर रहेका नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत




पार्टीलगायतलाई सरकारमा ल्याउन जसपाले पहल गरिरहेको सो पार्टीका प्रमुख सचेतक रामअशिष यादवले जानकारी दिए । “हामी सरकारको निरन्तरताकालागि सबै दलसँग संवाद र सहकार्य गर्न तयार छौं । सबैसँग छलफल भइरहेकाले यही सरकारले निरन्तरता पाउँछ भन्नेमा हामी आशावादी पनि छौं र यसका लागि संसदीय दलले संवाद बढाउने निर्णय गरिसकेको छ”, उनले भने ।

एकीकृत समाजवादी मधेश प्रदेश संसदीय दलका नेता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपाने आफूसहितको सरकार जोगाउन पार्टीले पहल गर्ने बताउँछन् । उनले भने, “हामीले जसपा नेपाल नेतृत्वको सरकारलाई विश्वासको मत दिएका थियौं, अहिले पनि यही सरकारमा छौं । यो सरकारलाई निरन्तरताका लागि पहल गर्नु हाम्रो पनि दायित्व हो त्यो पूरा गर्छौं ।”

अहिले पुनर्गठन गरिएको सरकारमा मुख्यमन्त्रीसहित पाँच मन्त्री र एक जना राज्यमन्त्री छन् । त्यसमा नेकपा एकीकृत समाजवादीका दुई मन्त्री रहेका छन् । मधेश प्रदेशसभामा जसपाका १९ र नेकपा एकीकृत समाजवादीको सात सांसद छन् । जसपा नेपालको नेतृत्वमा सरकार टिकाउन अझै २८ मत आवश्यक हुन्छ । जसपाले २२ मत रहेको नेपाली कांग्रेसको साथ खोजिरहेको छ तर काँग्रेसले भने आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गरिरहेको छ । कांग्रेस मधेश प्रदेशसभाका संसदीय दलका उपनेता विरेन्द्रकुमार सिंहले अब आफ्नै पार्टीको नेतृत्वमा सरकार बनाउन छलफल भइरहेको बताउँछन् । त्यसका लागि नेकपा (माओवादी केन्द्र) र नेकपा ( एमाले) बाहेक सबै दलसँग छलफल भइरहेको उनको भनाइ छ ।

यसअघि गत मंगलबार कांग्रेस मधेश प्रदेशका सभापति एवम् प्रदेशसभा संसदीय दलका नेता कृष्ण यादवले नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललाई भेटेर मधेश प्रदेशमा सरकार बनाउनका लागि सहयोग गर्न आग्रह गरेका छन् ।

लोसपाका उपाध्यक्ष एवम् मधेश प्रदेशसभा सदस्य जितेन्द्र सोनल जसपा नेपाललाई सहयोग गर्ने अवस्था नरहेको बताउँछन् । आफ्नो पार्टीले विपक्षमा रहेका कांग्रेसलगायत दलसँग संवाद गरिरहेकाले सोही सहमतिअनुसार अगाडि बढ्ने उनको भनाइ छ ।

मधेश प्रदेशमा एमालेको २५, कांग्रेसको २२, जसपा नेपालको १९, जनमत पार्टीको १३, लोसपा र माओवादी केन्द्रको नौ/नौ, नेकपा एकीकृत समाजवादीको सात र नेपाल सङ्घीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीसँग एक-एक सांसद छन् ।

माओवादी केन्द्र र एमालेले पनि सरकार बनाउन पहल सुरु गरेका छन् । यी दुई दलले पनि जसपा नेपालबाहेक अन्य सबै दलसँग कुराकानी गरिरहेका छन् । एमाले र माओवादीसँग जम्मा ३२ सिट छ । सरकार बनाउन यो पक्षलाई थप २२ सिटको आवश्यकता छ । एमालेसहितको पक्षले जनमत पार्टीले जसपा नेपालइतर सरकार गठनका लागि सहयोग गर्ने अपेक्षा गरिरहेको छ । जनमत पनि सरकार गठनका लागि उपयुक्त अवसरको पर्खाइमा छ । सो पार्टी मधेश प्रदेशसभा संसदीय दलका नेता महेशप्रसाद यादवले सरकार गठनका लागि सबै पार्टीसँग संवाद जारी रहेकाले चाँडै निष्कर्षमा पुग्ने बताइरहेका छन् ।

## मधेश सरकारबाट एमाले र माओवादीका मन्त्रीद्वारा राजीनामा

जनकपुरधाम । मधेश प्रदेशको सरकारबाट नेकपा (एमाले) र माओवादी केन्द्रका मन्त्रीहरुले राजीनामा दिएका छन् । माओवादीका दुई जना मन्त्रीले पदबाट राजीनामा दिएका छन् । मधेश प्रदेश सरकारमा सहभागी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री यूवराज भट्टराई र वन तथा वातावरण मन्त्री भरत प्रसाद साहले मुख्यमन्त्री सरोज कुमार यादवलाई आइतबार राजीनामा पत्र बुझाएका हुन् ।

जनता समाजवादी पार्टी नेपाल नेतृत्वको सरकारबाट माओवादी केन्द्र बाहिरिएसँगै मधेश प्रदेश सरकार सङ्कटमा परेको छ । जनता समाजवादी पार्टी नेपालबाट अशोक राई नेतृत्वमा अर्को दल निर्माण भएसँगै



मधेश प्रदेश सरकारबाट माओवादी केन्द्रका मन्त्रीले राजीनामा दिएका हुन् । यसैगरी, मधेश प्रदेश सरकारबाट नेकपा एमालेका सबै मन्त्रीहरूले राजीनामा दिएका छन् । मधेश प्रदेश सरकारमा नेकपा एमालेका ४ जना मन्त्री र दुई जना राज्यमन्त्री रहेका थिए ।

नेकपा एमालेका संसदीय दलका नेता सरोज कुमार यादव नेतृत्वमा जसपा नेतृत्वको सरकारमा पार्टी मधेश प्रदेश सरकारमा सामेल भएका थिए ।

नेकपा एमालेबाट सरकारमा सामेल रहनु भएका भौतिक पूर्वाधार विकासमन्त्री सरोज कुमार यादव, गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखी, स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन सिंह र शिक्षा तथा संस्कृति मन्त्री प्रमोद कुमार जयसवालले राजीनामा दिएका हुन् ।

मधेश प्रदेशमा नेकपा एमालेका २५ जना, नेपाली काँग्रेसका २२, जनता समाजवादी पार्टी नेपालका १९, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, लोसपाका ९, नेकपा एसका ७ जना प्रदेशसभाका सदस्य छन् । यसैगरि राष्ट्रिय प्रजातन्त्र पार्टीका १, नागरिक उन्मुक्ति पार्टीका १, नेपाल संघीय समाजवादी पार्टीका १ जना सदस्य प्रदेशसभामा छन् ।

## ‘पार्टी विभाजन गैरजिम्मेवार कार्य हो’

नेपालगंज । नवगठित जनता समाजवादी पार्टीका महासचिव मोहम्मद इस्तियाक राईलाई आफ्नै गृह जिल्लामा नेता तथा कार्यकर्ताले साथ छाडेका छन् ।

पार्टीका नेता तथा कार्यकर्ताहरु नेता ईस्तियाक राईतिर जाने अनुमान भइरहेका बेला अहिले धमाधम उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल (जसपा)मै रहेको कुरा बाहिर आएको हो ।

जनता समाजवादी पार्टी, नेपाल (जसपा) का संघिय परिषद सदस्य एवम् बाँकेको नरैनापुर गाउँपालिकाका अध्यक्ष ईस्तियाक अहमद शाहले आफुसहित सिंगो नरैनापुर क्षेत्रका कार्यकर्ता उपेन्द्र यादवको साथमा रहेको स्पष्ट पारेका छन् ।

विज्ञप्ती जारी गर्दै शाहले अवैधानिक रुपमा दल दर्ता भएको हुँदा आफ्नो पार्टीले केन्द्रीय समितिको निर्णय अनुसार सर्वोच्च अदालतमा कानुनी कारवाहीको लागि मुद्दा प्रक्रियामा जाने भएकाले अदालतको आदेश आफ्नो पक्षमा आउनेमा विश्वस्त रहेको जिकिर गरे ।

‘तसर्थ अदालतको फैसला हाम्रो पक्षमा आएमा, कसैको बहकाव, लोभ लालच एवं अन्य कुनै कारणले कुनै पनि निर्वाचित जनप्रतिनिधिले निर्वाचन आयोगमा गई सनाखत गरेको खण्डमा निर्वाचित जनप्रतिनिधिहरुको पद स्वत: खारेज हुने भएकोले जनता समाजवादी पार्टी, नेपालमा रहेका सम्पुर्ण निर्वाचित जनप्रतिनिधिहरु सचेत रहन पनि आवहान गर्दछौं ।’

जनता समाजवादी पार्टी, नेपाल बाँकेका जिल्ला समितिका सम्पुर्ण नेता कार्यकर्ता आफ्नो गौरवशाली पार्टी पहिचानवादी, संघीयताका सर्जक मधेश मसिहा उपेन्द्र यादवको नेतृत्वमा रहेको जनता समाजवादी पार्टी नेपालमा नै एकतावद्ध रहेको शाहले जारी गर्नु भएको विज्ञप्तीमा उल्लेख छ । बाँके जिल्लामा रहेका केन्द्रीय सदस्य, संघीय परिषद् सदस्य, प्रदेश समिति सदस्य एवं जनवर्गीय संगठनका समिति आफुहरुको साथमा रहेको विज्ञप्तिमा भनिएको छ ।

‘वर्तमान अवस्थामा पार्टीलाई थप मजबुत र एकताबद्ध भएर पहिचान र संघीयतालाई सबल बनाउनु पर्ने, विभिन्न आन्दोलनका वीर शहीदहरुको सपना साकार पार्नुपर्ने हो तर संसद अधिवेशन आह्वान भैसकेको अवस्थामा दल विभाजन सम्बन्धी अध्यादेश खारेज भएको साथै जनता समाजवादी पार्टी, नेपालका बहुमत केन्द्रीय सदस्यहरु दलप्रति प्रतिबद्ध रहेको अवस्थामा केही विभाजित मनस्थितिका व्यक्तिहरु निर्वाचन आयोगमा गई अवैधानिक निवेदनको आधारमा दल विभाजन गरेकोले यस्ता गैरजिम्मेवार कार्यको घोर भर्त्सना गर्दछु,’ विज्ञप्तीमा भनिएको छ ।

यसैगरी जनता समाजवादी पार्टी, नेपाल बाँकेका अध्यक्ष कमरुद्धिन राईले पनि आफु उपेन्द्र यादवकै साथमा रहेको प्रष्ट पारेका छन् ।

नेपालगन्ज उपमहानगरपालिकाका उप-मेयर समेत रहेका राईले शुक्रबार एक विज्ञप्ती जारी गर्दै अवैधानिक रुपमा दल दर्ता भएको हुँदा आफ्नो पार्टीले केन्द्रीय समितिको निर्णय अनुसार उपेन्द्र यादवकै साथमा रहेको विज्ञप्तिमार्फत जनाए ।

## सम्पादकीय

# मधेशको जनजीविकाको सवालमा मधेशी दलहरू किन बोल्दैनन् ?

मधेशी दलहरूको पछिल्लो रवैयाका कारण मधेशको मन अशान्त छ । यसो हुनुको कारण राज्यबाट भोग्दै आएको विभेद एउटा कारण हो भने अर्को महत्वपूर्ण कारण मधेशी दलहरूको स्वार्थी चरित्र पनि हो । मधेशी दलका नेताहरू मधेशले प्राप्त गरेको उपलब्धिलाई पनि आफ्नो स्वार्थअनुसार अर्थ्याएर मधेशी जनतामा भ्रम छर्ने गरेकाले मधेशी जनतामा अहिले मतभेद फैलिँदो छ । अहिले अस्तित्वमा रहेका मधेशी दलबाटै केही नेताहरू विगतमा मन्त्री भएका हुन् । केही अहिले पनि केन्द्र सरकारमा मन्त्री छन् तर मन्त्री पदमा रहँदा मधेशप्रति उनीहरूको वक्रदृष्टि रहँदै आएको छ । राजकिशोर यादव कुनै बेला सञ्चार मन्त्री थिए र उनकै पालामा १० वर्ष कनिष्ठ कर्मचारलाई नेपाल टेलिभिजनको महाप्रवन्धक बनाइए, जबकि उनीभन्दा वरिष्ठ मधेशी पत्रकार त्यसका लागि योग्य थिए ।

यो त एउटा प्रतिनिधिमूलक घटना मात्र हो । यस्ता अनेकौं उदाहरणहरू पेश गर्न सकिन्छ । आखिर मधेशको जनजिविकाको सवालमा मधेशी दलहरू किन बोल्दैन । विश्लेषकहरू यसको पछाडि मधेशी नेताहरूको आत्मकेन्द्रित र स्वार्थपूर्ण सोच हाबी भएको तर्क गर्छन् । पछिल्लो डेढ दशकमा मधेशी दलका दर्जनौं नेताहरु मन्त्री भइसकेका छन् । धेरै अपरिचित अनुहार नेता भए । तर मधेशको एजेन्डा सम्झौतापत्रमा सीमित भए । कारण हो नेतामा एजेन्डाप्रति समर्पण नहुनु । एजेन्डा उचालेर आन्दोलन गर्ने अनि त्यो आन्दोलनलाई आफ्नो स्वार्थअनुसार बिसाउने प्रवृतिले पनि मधेश जनताको सामाजिक परिवर्तन आउन सकेको छैन ।

मधेशी दलहरू मधेशको आर्थिक, सामाजिक, सांस्कृतिक मुद्दाबारे बोल्दैन । लाग्छ, राजनीति बाहेक मधेशको कुनै मुद्दा नै छैन । मधेशी दलहरूको यहि कमजोरीका कारण, मधेश प्रदेशको सरकार असफलतातिर गइरहेको छ । कुनै नयाँ सोच छैन, बजेटलाई कसरी सदुपयोग गर्ने, प्रदेशलाई समृद्धितर्फ लान कसरी विकास गर्ने त्यतातिर यो सरकारको कुनै सोच छैन । जथाभावी र अनावश्यकरूपमा बजेट खर्च गर्नेतिर मात्रै यो सरकारको काम गरिरहेको छ। दूरदृष्टिले आगामी दिनमा कसरी समृद्धि हासिल गर्ने तर्फ प्रदेश सरकारको ध्यान छैन ।

मधेशको राजनीतिलाई एकैछिन थाँती राखेर हेर्ने हो भने जनजिविकामा सवालमा यो क्षेत्र धेरै पछि परेको छ । हामीलाई लाग्न पनि सक्छ कि मधेशको राजनीतिले आफ्नो गन्तव्य पूरा गर्ने चरणमा छ । गणतन्त्र, संघीयता र समावेशी सिद्धान्त लामो संघर्षले स्थापना भएका उपलब्धि हुन् । तर जनताको भोगाइ र अनुभूतिको परिदृष्यमा आधारभूत समस्याहरू जस्ताको त्यस्तै छन् । विशेषगरी राष्ट्रियताको सवाल, जनजीविकाको सवाल र प्रतिक्रियावादी राज्यव्यवस्था भित्रका तमाम विकृति विसंगति जस्ताको तस्तै छन् ।

जनताका दु:ख, पीडा, अन्याय, अत्याचार, शोषण, दमन, भेदभाव, नातावाद, कृपावाद, परिवारवाद, दल भित्रका गुट उपगुट, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार, लैंगिक विभेद, छुवाछूत, जातीय विभेद, सामाजिक कुसंस्कार, रूढीबादी रितिरिवाज लगायतका तमाम समस्या अहिले पनि जस्ताको तस्तै अझै । यस तथ्यले के बताउँछ भने यो राज्यव्यवस्थामा केही राजनीतिक परिवर्तन र आंशिक उपलब्धि हासिल भएपनि पुरै राज्यव्यवस्था वा सत्ता परिवर्तन भएको छैन । हामीले आशा र अपेक्षा गरेको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भित्रका सुधारका कार्यक्रम, जनताले प्राप्त गरेका हक अधिकारको कार्यान्वयनको अवस्था र यस गणतन्त्र अन्तर्गत सरकारको भनाइ, गराई र जनताको भोगाइ सवालका साथै मधेशमा सत्तासीन जसपा नेतृत्व पंक्तिमा आएको वैचारिक, राजनीतिक र वर्गीय स्खलन मधेशको लागि टाउको दुखाइ बनेको छ ।

सत्तारोहण सँगै अधिकांश मधेशी नेताहरूमा धन सम्पत्तिप्रतिको अत्यधिक मोह जागेको छ। पद र प्रतिष्ठामा अत्यधिक आशक्ति पलाएको छ। सुख सयल र रोब-रबाफको भोक जागेको छ। उनीहरू सुविधाभोगी हुँदै गएका छन् । हिजो राजनीतिक परिवर्तन खातिर त्यस्तो कष्टप्रद र त्यागपूर्ण संघर्ष गर्दै गरेका नेताहरू र अहिलेका आत्मकेन्द्रीत बन्दै गएका छन् । महंगी, बेरोजगारी, युवा पलायनलाई रोक्न सकिएको छैन । सामाजिक विकृतिको रूपमा रहेको छुवाछुत, जातीय भेदभाव, महिला हिंसा, बालश्रम शोषण घट्नुको साटो झन बढेर गएका छन् ।

# कोशी सभ्यता र बराहक्षेत्र



अजय कुमार झा

वराहक्षेत्रमा हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्म लाग्ने मेला निकै रमाइलो हुन्छ । कात्तिक मासको शुक्लएकादशी हरिबोधिनी एकादशीको नामले प्रसिद्ध छ । हरिबोधिनी एकादशी वर्षमा पर्ने चौबीस वटा एकादशीमध्ये सबैभन्दा ठूलो एवं महत्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठूलो एकादशी पनि भनिन्छ । एकादशी भगवान् विष्णुको उपासकका लागि एक व्रत हो । भगवान आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा निद्रामा लीन र हरिबोधिनी एकादशीको दिन जाग्रत हुन्छन् । जागृतिको यस अर्थमा नै यस एकादशीलाई हरिबोधिनीको संज्ञा दिइएको हो ।

भविष्योत्तर पुराणमा २४ एकादशीमध्ये हरिबोधिनीको व्रत बढी फलदायी हुने बताइएको छ । यस दिन लिइने व्रत, तीर्थजलमा गरिने स्नान, भगवानको दर्शन, दान, जप-तप आदि अक्षय फलदायी हुने कुरा भगवान श्रीकृष्णले युधिष्ठिरलाई बताएका थिए । यिनै पृष्ठभूमिमा चतराधाम (सुनसरी, नेपाल) एक तीर्थस्थलको रूपमा स्थापित भएको हो, जहाँ भक्तजन कोशी नदीमा स्नान गरी भगवान विष्णुको वराह रूपको दर्शन गर्दछन् र अक्षय पुण्य प्राप्त गर्दछन् ।

हरिबोधिनी एकादशीमा हरेक परिवारमा तुलसीको मठमा विशेष पूजा हुन्छ । मिथिला संस्कृतिमा तुलसी मठको पूजाका अतिरिक्त एक विशेष तन्त्रोक्त पूजाको पनि चलन छ । हरिबोधिनीको अवसरमा हरेक विष्णु मन्दिरमा भक्तजनको घुइँचो लाग्छ । ठाउँ-ठाउँमा मेला पनि लाग्दछ । तर पूर्वी नेपालको चतराधाम सबैभन्दा बढी प्रख्यात छ ।

चतराधामको मेला धार्मिक पर्यटनको गन्तव्य भएको छ । यस मेलामा नेपाल र भारतका विष्णु भक्त ओइरिन्छन् । यस वराहक्षेत्रमा भगवान वराहका विभिन्न रूपको दर्शन प्राप्त हुन्छ । जस्तै- गुरुवराह, सूर्यवराह, कोकावराह । यस तीर्थस्थलमा भगवान विष्णुका अर्धाङ्गिनी लक्ष्मी र भगवानलाई क्षीर सागरमा शय्या प्रदान गर्ने शेषनाग स्वरूप नागेश्वरको मन्दिर छ ।

यसैगरी यहाँ पाञ्चायन (गणेश, विष्णु, सूर्य, दुर्गा र शिव) सहित विभिन्न देवी-देवताका मन्दिर छन् ।

कोकावराहको प्रसंग कोकामुख नदीसँग जोडिएको छ । तमोर, अरुण र सुनकोशीको त्रिवेणीलाई कोकामुख नदी भनिन्छ । यो स्थानलाई नाथपुर पनि भनिन्छ । यस प्रकार कोकामुख, वराहक्षेत्र, चतरा गरी यस क्षेत्रको अनेक नाम देखिन्छ । यीमध्ये कोकामुख र वराहक्षेत्रको नाम त वराहपुराणमै उल्लेख रहेको देखिन्छ ।

चतराधामको प्रसिद्धिको अर्को विशिष्टता कोशी सभ्यता हो ।

सातवटा नदीको संगम भएकोले कोशीलाई सप्तकोशी भनिन्छ ।

सप्तकोशी नदी चीनको ह्वाङ्हो नदीपछि तीव्र गतिमा बग्ने विश्वको दोस्रो ठूलो नदी हो । कोशी नदी नेपालको सबैभन्दा ठूलो नदी हो । यसका सहायक नदीहरूमा अरूण, तमोर, सुनकोशी, दूधकोशी, लिखु, तामाकोशी, इन्द्रावती पर्दछन् ।

पश्चिमी हिमालयबाट उत्पत्ति भएका यी नदीहरू महाभारत पर्वत श्रेणीको तल्लो भागमा सम्मिश्रित भई सप्तकोशीको रूपमा सुनसरी जिल्लाको यसै चतराको गल्छीबाट तराईको समथर क्षेत्रमा प्रवेश गर्दछ । सुनसरीको लौकही र सप्तरीको हनुमाननगरको बीचमा बनेको कोशी बाँध पार गरेर यो नदी भारत प्रवेश गर्दछ । कोशीको काखमा विकसित जीवन प्रणाली नै कोशी सभ्यता हो ।

वराहक्षेत्रको वर्णन स्वयं वराहपुराणका अतिरिक्त ब्रह्मपुराण र स्कन्दपुराणमा पनि पाइन्छ । पुराण भनेको संस्कृतमा रचिएका धार्मिक ग्रन्थहरू हुन्, जुन शताब्दीयौंसम्म श्रुतिमा आधारित रहँदै पछि लिपि साहित्यमा वर्णन गरिएको थियो, जसमा वेद, ब्राह्मण, आरण्यक, उपनिषद र महाकाव्यहरू पनि समावेश छन् । प्राचीन धार्मिक धरोहरको ऐतिहासिक स्रोत यिनै पुराण हुन् । पुराणहरूमा उल्लेख्य थोरै मात्र सनातन तीर्थधामहरूमा वराहक्षेत्र पर्दछ र महाभारतमा नेपालमा अवस्थित सबैभन्दा पुरानो, पवित्र र चर्चित देवस्थल हो भनी उल्लेख छ ।

वराहक्षेत्र पूर्वी नेपालको सबैभन्दा महत्वपूर्ण पर्यटकीय स्थल पनि हो । धार्मिक पर्यटनका दृष्टिले यसको ख्याति टाढा-टाढासम्म फैलिएको छ ।

हिन्दु धर्मावलम्बीहरूको चार क्षेत्र ( हरिहर क्षेत्र, कुरु क्षेत्र, मुक्ति क्षेत्र र वराहक्षेत्र) छन्, तीमध्ये मुक्ति क्षेत्र र वराहक्षेत्र नेपालमा पर्दछन् । यी चार क्षेत्रमध्ये पनि वराहक्षेत्र भगवान विष्णुको तेस्रो अवतार भएकोले पवित्र र महत्वपूर्ण तीर्थस्थल मानिन्छ ।

वराहक्षेत्रमा लक्ष्मी, पाञ्चायन, गुरुवराह, सूर्यवराह, कोकावराह र नागेश्वरलगायतका ९ वटा मन्दिर र थुप्रै धर्मशाला छन् । त्यहाँ आजभन्दा करिब १५०० वर्ष अगाडिदेखिका मूर्तिहरू पाइएका छन् ।

वराहक्षेत्रमा सालैभर मानिसहरूको आवतजावत र जमघट भइनै रहन्छ । यहाँ ठूलाठूला मेलाहरू लाग्ने अवसर भने कात्तिक पूर्णिमा र मकर संक्रान्ति हुन् । कात्तिक पूर्णिमाका अवसरमा विशेषगरी भारततिरबाट र मकर संक्रान्तिका अवसरमा नेपालको पहाडी भेगबाट मेला भर्न ज्यादा जसो मानिस वराहक्षेत्रमा आउने गर्दछन् ।

बालाचतुर्दशी, श्रीपञ्चमी, ऋषिपूर्णिमा, व्यासपूर्णिमा, फागुपूर्णिमा, रामनवमी, विभिन्न एकादशी तथा अन्य विशेष पर्व, व्रत र उत्सवका दिनहरूमा पनि तीर्थालु भक्तजनहरू प्रशस्त मात्रामा वराहक्षेत्र पुग्ने गर्दछन् । तसर्थ उक्त स्थानमा दिनहुँजसो मेला लाग्ने जस्तो महसुस हुने गर्दछ ।

वराह भगवान स्वयंले पितृहरूको श्राद्ध गरेर उद्धार गरिदिएको हुनाले यहाँ पौषे औंशीमा तीर्थ श्राद्ध गर्न पनि उत्तिकै भीड लाग्छ । कोका नदीमा स्नान गरेर पितृहरूको श्राद्ध गर्नाले पितृहरूले मुक्ति पाउने विश्वास छ ।

सुनसरीको धरानबाट करिब २५ किमी दूरीमा रहेको चतराधाम धरान, विराटनगर र पूर्व-पश्चिम राजमार्गको झुम्काबाट भित्र हुँदै एवं मध्य पहाडी लोकमार्गबाट पनि जान सकिन्छ । सप्तकोशी र कोका नदीको संगमको अग्लो भागमा अवस्थित वराहक्षेत्र मन्दिरभित्र रहेका मूर्ति निकै पुराना मानिन्छन् ।

पुरातत्वविद्हरूका अनुसार यहाँ रहेका केही मूर्ति एक हजार पाँच सय वर्ष पुराना पनि छन् । छैटौं किराँती राजा जितेदास्तीले हरिबोधिनी एकादशी र मकर संक्रान्तिमा यहाँ मेला लगाउन आरम्भ गरेका थिए । उनले पूजा व्यवस्थाको स्थायित्वका लागि गुठी कायम गरेका थिए । किराँती जनजीवन कोशी सभ्यता प्रमुख धरोहरको रूपमा रहेको छ ।

वराह मन्दिरहरू धेरै दुर्लभ छन् ।

भगवान विष्णुको तेस्रो 'अवतार' वराहको अर्को मन्दिर नेपालको नारायणी नदीको देवघाटमा रहेको छ । त्यस्तै तालवाराही मन्दिरको नामले पोखरामा पनि देखिन्छ । भारतमा पनि वराह मन्दिरहरू रहेका देखिन्छन् ।

युनेस्कोद्वारा सन् १९८६ मा घोषित विश्व सम्पदा खजुराहो (मध्यप्रदेश) को वेस्टर्न ग्रुप अफ टेम्पलको कम्प्लेक्स ग्रुप अफ मोन्युमेन्ट्समा वराह मन्दिर अवस्थित छ । यस मन्दिरमा भगवान विष्णुको वराह अवतारको विशाल प्रतिमा स्थापित छ ।

दक्षिण भारतीय राज्य तमिलनाडुको श्रीमुष्णममा भुवराह स्वामी मन्दिर अवस्थित छ । विजयनगर राजवंशका तंजावुर नायक राजा अच्युथप्पा नायकले दक्षिण भारतीय वास्तुकलामा आधारित यो मन्दिर निर्माण गराएका थिए ।

मन्दिरमा दैनिक अनुष्ठान र तीनवटा वार्षिकोत्सव मनाइन्छ, जसमध्ये तमिल महिना वैकासी (अप्रिल-मे) मा मनाइने रथ उत्सव सबैभन्दा प्रमुख हो । यो पर्व यस क्षेत्रको हिन्दु-मुस्लिम एकताको प्रतीक पनि हो । रथको झण्डा मुस्लिमहरूद्वारा प्रदान गरिन्छ; तिनीहरू मन्दिरबाट प्रसाद लिन्छन् र मस्जिदहरूमा अल्लाहलाई चढाउँछन् । यस्तै दक्षिण भारतको आन्ध्रप्रदेशको तिरुमला, करिमनगर, सिम्हाचलम, कालीदायकुरुची, वारापुज, चेरय, येलन्दुर, सिकन्दरावाद, अलु, चेन्नईको थिरुभिदान्दै, उडिसाको जयपुरमा वराह मन्दिरको उपस्थिति देखिन्छ । केही वराह मन्दिर उत्तर भारतमा पनि रहेको देखिन्छ । तर चतराधामको वराह मन्दिर संसारकै सर्वाधिक पुरानो मन्दिर रहेको भन्नुपर्ने हुन्छ ।

किनभने यस क्षेत्रको उल्लेख वराह पुराण र अन्य पुराणहरूमा नै भएको पाइन्छ । यसको खास कारण यो क्षेत्र कोशी सभ्यता क्षेत्रमा पर्दछ, जो आदिकालदेखि तपस्यास्थलको रूपमा रहेको छ । कोशी क्षेत्रमा आदिकालका ऋषिहरूले तपस्या गरेको कुरा समस्त पुराणहरूले उल्लेख गरेका छन् ।

कोशी नदी वा कोशी सभ्यताको आफ्नै विशिष्ट महत्व छ । आध्यात्मिक दृष्टिले महत्वपूर्ण मानिएका केही थोरै मात्र नदीहरूमा कोशी नदीलाई उच्च स्थान प्राप्त छ । कोशी नदीको चर्चा सबैभन्दा पुरानो ऋग्वेदमा नै उल्लेख छ । कोशीलाई ऋग्वेदमा कौशिका पनि भनिएको छ । यो गंगा नदीको प्रमुख सहायक नदी पनि हो ।

यो नदीलाई महाभारतमा कौशिकी भनेर उल्लेख गरिएको छ । पहिले 'कौशिकी' भनेर चिनिने, ऋषि विश्वामित्रको नामबाट नामकरण गरिएको, जसले नदीको किनारमा 'ऋषि' को दर्जा प्राप्त गरेको भनिन्छ ।

विश्वामित्र ऋषि कुशिकका वंशज थिए । विश्वामित्रलाई कोशीको किनारमा धेरै प्रसिद्ध वैदिक मन्त्रहरूको रचना गरेको श्रेय दिइएको छ ।

विश्वामित्र रचित गायत्री मन्त्र वैदिक संस्कृत श्लोकमा आधारित एक उच्च सम्मानित मन्त्र हो । यस श्लोकलाई देवी सावित्रीलाई आह्वान गर्न

वराहक्षेत्रमा लक्ष्मी, पाञ्चायन, गुरुवराह, सूर्यवराह, कोकावराह र नागेश्वरलगायतका ९ वटा मन्दिर र थुप्रै धर्मशाला छन् । त्यहाँ आजभन्दा करिब १५०० वर्ष अगाडिदेखिका मूर्तिहरू पाइएका छन् ।
वराहक्षेत्रमा सालैभर मानिसहरूको आवतजावत र जमघट भइनै रहन्छ । यहाँ ठूलाठूला मेलाहरू लाग्ने अवसर भने कात्तिक पूर्णिमा र मकर संक्रान्ति हुन् । कात्तिक पूर्णिमाका अवसरमा विशेषगरी भारततिरबाट र मकर संक्रान्तिका अवसरमा नेपालको पहाडी भेगबाट मेला भर्न ज्यादा जसो मानिस वराहक्षेत्रमा आउने गर्दछन् ।

उच्चारण गरिन्छ । यसलाई सावित्री ( ..सवितुर..) पनि भनिन्छ । मनुस्मृति, हरिवंश पुराण र श्रीमद्भागवद् गीता जस्ता प्रसिद्ध ग्रन्थहरूमा यसको प्रशंसा गरिएको छ ।

कोशी धेरै प्राचीन आध्यात्मिक कथाहरूसँग सम्बन्धित छ । वाल्मीकि रामायणको बालकाण्ड खण्डमा सत्यवतीको मृत्युपछि धारण गर्ने कौशिकीको रूपमा उल्लेख गरिएको छ । सत्यवती कुशिक वंशका विश्वामित्रकी जेठी बहिनी थिइन् ।

मार्कण्डेय पुराणमा कोशीलाई आदिशक्तिको रूपमा वर्णन गरिएको छ । वर्षायाममा कोशीको हिंस्रक प्रकृतिका कारण शिवकी पत्नी पार्वतीले दुर्ग राक्षसलाई परास्त गरेपछि योद्धा देवी दुर्गा भनेर चिनिएकी र कौशिकीमा परिणत भएकी थिइन् ।

रामायणमा गंगा नदीलाई कोशीकी दिदीको रूपमा चित्रण गरिएको छ ।

महाभारत महाकाव्यका अनुसार मृत्युका देवताले नारीको रूप लिएर जनसंख्या वृद्धिलाई सीमित गर्न कोशीको किनारमा बास गर्नुभयो ।

कोशी मिथिलाको लोककथामा पनि प्रतिध्वनित छ । कोशी लोककथाका सबैभन्दा महत्वपूर्ण चित्रणहरू कोशी पूर्ण रूपमा हेरचाहमुक्त र ऊर्जाले भरिएको कुमारीका रूपमा र हिमालयमा घुम्ने वृद्ध संन्यासी रिचीककी निराश पत्नीको रूपमा हुन् । कोशी सभ्यताकी जन्मदात्री कौशिकी अर्थात् कोशी नदीलाई मानिसले आमा भनेर पुकार्दछन् ।

वराह पुराणको प्रारम्भमा सुतजी भन्नुहुन्छ- पूर्वकालमा जब सर्वव्यापी भगवान नारायणले वराह रूप धारण गरी आफ्नो शक्तिद्वारा एकार्णवको अनन्त जलराशिमा निमग्न पृथ्वीको उद्धार गरे, त्यस समय पृथ्वीले

बाँकी पृष्ठ ६ मा

# पार्टी विभाजनमा कसैको हात छैन, तर 'घर फुटे गवार लुटे' भएको छ

**० अहिले जसपा नेपाल विभाजन नै सबैभन्दा बढी चर्चामा छ, त्यो पार्टीबाट तपाईंहरू किन अलग हुनुभयो ?**

– हामी जसपा नेपालबाट रहरले होइन बाध्यताले अलग भएका हौं । कुनै पनि पार्टीमा विचार, सिद्धान्त, नेतृत्वको इमानदारिता, विधि विधानलगायत सबै स्वीकार्यता भएपछि मात्र जीवन्त पार्टी हुन्छ । त्यसपछि मात्र पार्टीमा एकमत भएर अगाडि बढिन्छ । जसपा नेपाल बनाउन सयौंले बलिदानी दिए, सयौंको रगत बगेको छ । हामी पनि ज्यानको पर्वाह नगरी सङ्घर्ष गरेर फोरम हुँदै जसपा नेपाल बनाएका थियौं । त्यो पार्टी बनाउन हाम्रो कम योगदान छैन । कसैको बढी होला, कसैको कम होला, त्यो बेग्लै कुरा हो ।

तर त्यो योगदानको उपेन्द्रजीले कुनै कदर गर्नुभएन । उहाँले जे गरेको छु, म आफैंले गरेको हुँ, एक्लै गरेको छु भनेजस्तो व्यवहार गर्नुहुन्छ । एउटा पार्टी विधानलाई टेकेर सामूहिक निर्णयमा चल्नुपर्छ । तर उपेन्द्रजीले एकलौटी ढङ्गबाट अगाडि बढ्नु भयो । विधान एकातिर अध्यक्षजीको निर्णय अर्कोतिर हुन्थ्यो । कसैको कुनै सुनुवाइ हुँदैनथ्यो । जो त्यसको विरुद्धमा आवाज उठाउनु हुन्थ्यो, त्यसलाई उहाँले किनारा लगाउनु हुन्थ्यो । आवश्यक परे कारबाही नै गर्नुहुन्थ्यो । तपाईं आफैं विचार गर्नुस्, जो व्यक्ति लगातार १५ वर्षसम्म एउटै पार्टीमा रहेर काम गरे, त्यो व्यक्तिको पार्टीमा कुनै मूल्याङ्कन हुँदैन, कुनै स्थान हुँदैन भने त्यो व्यक्तिले कस्तो अपमान महसुस गरेका होलान् !

पार्टीमा उहाँको जालझेल पनि त्यस्तै थियो । यस्तो अवस्थामा कुनै पनि स्वभिमानी व्यक्ति धेरै दिनसम्म बस्न सक्दैन । यो सुधारका लागि धेरै पटक पार्टीमा कुरा उठ्यो तर उहाँले कुनै कुराको वास्ता गर्नुभएन । अति भएपछि बाध्य भएर हामीले यो कदम उठाएका हौं ।

**० अध्यक्षले एकल निर्णय गरेर र एकात्मक शैलीले अगाडि बढेको आरोप तपाईंले लगाउनुभयो, तर हामीले हेर्दा पार्टीमा उहाँले जिम्मेवारी सबैलाई दिनुभएको छ । हरेक कुराको निर्णय बैठकबाटै गराउनु भएको छ, होइन र ?**

– कसैलाई जिम्मेवारी दिएरमात्र हुँदैन । जिम्मेवारी दिएर घरमा बँधुवा मजदुरजस्तो व्यवहार गरियो भने त्यो जिम्मेवारीको कुनै महत्त्व रहँदैन । अशोक राईलाई सङ्घीय परिषद्को अध्यक्ष बनाउनु भएको थियो । राजेन्द्र श्रेष्ठ त पछिल्लो समय कार्यवाहक अध्यक्ष नै बन्नुभएको थियो । नवलकिशोर साह मन्त्री हुनुहुन्थ्यो । विरेन्द्र साह केही पहिले मात्र मन्त्रीबाट हट्नु भएको थियो । म पनि कार्यकारिणी सदस्य, शिक्षा विभागमा थिएँ । अरु-अरुले पनि जिम्मेवारी पाएका थिए तर ती व्यक्तिको कुरा पार्टीमा कति चल्यो ? उसले आफ्नो जिम्मेवारी अनुसार कति काम गर्न सक्यो र पार्टीमा उसको कुरा कति चल्यो । पार्टीको कुन काममा उसलाई खटाउनु भयो ? देशमा यतिका प्रशिक्षण भयो, कुन ठाउँमा लग्नु भयो ? पार्टीका यति कार्यक्रम भएका छन्, ती कार्यक्रममा कसलाई कहाँ पठाउनु भएको छ ? मकवानपुरमा प्रशिक्षण हुँदा उहाँ आफैं जाने, जनकपुरमा हुँदा पनि आफैं जाने, बागमतीमा हुँदा पनि आफैं जाने, लुम्बिनीमा हुँदा आफैं जाने, के त्यो पार्टीमा कोही छैन ? किन उसको काम अनुसार जिम्मेवारी दिनुभएन ? मधेस प्रदेश कमिटीको हरेक बैठकमा उहाँ आफैं जानु भएको छ, किन के आवश्यकता पऱ्यो उहाँ त्यहाँ जानलाई ? हरेक बैठक उहाँ आफ्नै उपस्थितिमा बसाउनु भएको छ, वडामा समस्या हुँदा आफैं जानु हुन्छ । जिल्लामा समस्या हुँदा आफैं जानु हुन्छ, प्रदेशमा समस्या हुँदा आफैं जानु हुन्छ । के पार्टीमा अरु नेता तथा कार्यकर्ता छैनन् ? पार्टीमा के उहाँले के गर्न खोज्नुभएको हो ? पार्टीले त्यो व्यक्तिलाई कति रेस्पोन्स गऱ्यो भन्ने मुख्य कुरा हो ।

हो, जिम्मेवारी दिनु भएको छ । म मान्छु तर कुनै पनि व्यक्तिलाई निर्णायक हुन दिनुभएन । उहाँ कुरा सबैको सुन्नुहुन्थ्यो, तर निर्णय आफैं लाद्नु हुन्थ्यो । के के गरी सबैबाट माइन्युटमा हस्ताक्षर पनि गराउनु हुन्थ्यो । लिखितमा उहाँ कहिले चुक्नु हुन्न । त्यो कुरामा अध्यक्षजी ( उपेन्द्र) निकै चलाख हुनुहुन्छ । नत्र तपाईं आफैं विचार गर्नु न, कोही बहालवाला मन्त्री पार्टीबाट अलग हुन्छ ? कोही पार्टीको कार्यवाहक अध्यक्ष पार्टीबाट किन अलग हुन्छ ? उहाँहरूको मनभित्र कति पीडा थिए, यसले पुष्टि हुन्छ ।

अर्को कुरा अध्यक्षजीले फलानोलाई यो बनाइदिएँ, फलानोलाई यो दिएँ, फलानोलाई यो गर्दिएँ भन्नुहुन्छ । उहाँ को हुनुहुन्छ दिनेवाला ? के हामी पार्टीको नेता होइन ? सांसद बन्ने, मन्त्री बन्ने, अरु पदमा जाने हाम्रो अधिकार होइन ? मन्त्री बन्यो भने के त्यो उपेन्द्र यादवजीकै देन हो ? सांसद बन्यो भने के त्यो उपेन्द्र यादवजीकै देन हो ? उहाँको यो सोच नै गलत हो । उहाँले दिएपछि मात्र हामीले पाउने भन्ने बुझाइ नै उहाँको गलत हो । हामी राजनीति गर्छौं, हामीले पार्टी बनाएका छौं, हामी पनि जनताका लागि काम गरेका छौं भने पार्टीबाट सांसद, मन्त्री बन्ने कुरा कसैले दिने न दिनेमा भर पर्दैन ।

**० तपाईंहरू यति असन्तुष्टि पोख्नु हुन्छ, उपेन्ऽजीले अस्ति ❑उहाँहरूको कुनै गुनासो र असन्तुष्टि छ अथवा थियो भने मैले कार्यवाहक अध्यक्ष बनाएर अमेरिका गएको थिएँ, त्यही बिचमा पार्टीको बैठक बसाएर सबै समाधान गर्दा हुन्थ्यो नि, किन पार्टी अलग गर्नुपर्थ्यो ?❑ भन्नुभयो । उपेन्ऽ यादवको यो कुरा सही होइन र ?**

– अमेरिका जानुभन्दा अगाडि उहाँले एकदुई वटा गल्ती गरेर जानुभयो । अमेरिका गएको दिन बसेको बैठक, अघिल्लो बैठकमा म पनि सहभागी थिएँ । त्यसमा महाधिवेशनको तयारी बारेमा छलफल भएको थियो । हामीले हाम्रा कुरा राख्यौं । राम्रै छलफल भएको थियो । त्यही बैठकबाट उपेन्द्रजीले निर्वाचन समिति पनि बनाउन खोज्नु भएको थियो । त्यसमा अशोक राईजीले रोक्नु भएको थियो । विधान अनुसार सबै गरौं भन्नुभएको थियो । त्यो दिन उहाँले कुनै निर्णय गर्नुभएन । अमेरिका जाने दिन हतारहतार बैठक बसाउनु भयो । त्यो दिन कार्यकारिणीको बहुमत सदस्यको उपस्थिति पनि थिएन । उहाँले हतारहतार सबै निर्णय गर्नुभयो र त्यही दिन अमेरिका जानुभयो । बैठकमा भएको निर्णयको सर्कुलर आएपछि मात्र निर्वाचन समिति गठनदेखि लिएर सबै निर्णय उहाँले ठोकेर जानुभएको थाहा भयो । त्यहाँबाट झन् असन्तुष्टि बढ्यो ।

पार्टीमा विधान सम्मेलन गरेर विधान बन्यो । विधान अनुसार पालिका, वडा, जिल्ला, प्रदेशलगायत अन्य सङ्गठनहरू गठन, पुनर्गठन भयो । तर केन्द्रीय समितिहरू जस्ताको त्यस्तै रह्यो । विधान अनुसार भयो भने तलदेखि माथिसम्म सबै हुनुपर्थ्यो । विधान सबैका लागि लागु हुनुपर्थ्यो । विधान अनुसार महाधिवेशन गर्नुभन्दा पहिले पालिका, जिल्ला, प्रदेशको अधिवेशन हुनुपर्छ कि पर्दैन ? त्यो किन भएन । पार्टीको कति जना साधारण सदस्य छन्, त्यो पनि खुलाइएन । कसले पार्टीको कति सदस्यता काट्यो भन्ने कुनै तथ्याङ्क छैन । एकैपटक सङ्गठित सदस्यको कुरा आयो ।

सङ्गठित सदस्य हुनका लागि कुनै नै कुनै सङ्गठनमा आवद्ध भएको हुनुपर्छ भनि विधानमा उल्लेख छ । तर जथाभावी साङ्गठनिक सदस्य बनाउनुभयो । त्यही सङ्गठित सदस्यबाट महाधिवेशन प्रतिनिधि चयन हुन्छ । अब तपाईं आफैं बिचार गर्नुस्, जसले जथाभावी साङ्गठनिक सदस्य बनाउनु भएको छ भने प्रतिनिनिधि चयन कस्तो हुन्छ ? उहाँले सबै काम विधान विपरीत गर्नुभएको छ । महाधिवेशन हुनुभन्दा पहिले नै हामीलाई घेराबन्दी गर्नुभयो । राजेन्द्र श्रेष्ठलाई कार्यवाहक अध्यक्ष त उहाँले दिनुभयो तर पार्टीका सबै निर्णय गरेर सर्कुलर नै जारी गरिसक्नु भएको छ । त्यसमा कार्यवाहक अध्यक्षले के गर्नुहुन्थ्यो ? यदि बैठक बसाएर केही निर्णय उल्टाएको भए झन् विवाद र भाँडभैलो हुन्थ्यो । बरु त्यहाँबाट अलग हुनु नै उचित हुन्छ भनेर साथीहरू सल्लाह गरेर अलग भएका हौं ।

**० पार्टी विभाजन हुने विभिन्न कारणमध्ये मुख्य कारण महाधिवेशन नै हो ?**

– हो, यो पनि एउटा कारण हो । अर्को कुरा, उहाँको पार्टीमा जो जो नेता काम गर्नुभयो, सधैं अपमानित नै महसुस गर्नुभयो । कसै-कसैले भन्छन्, 'उपेन्द्र यादवले उनीहरूलाई के दिएनन् ?' दिन त दिनुभयो तर जहिले अपमानित गर्नुहुन्थ्यो । उहाँले बनाएका मन्त्रीहरूको हालत के हुन्छ भनेर ती मन्त्रीहरूलाई सोध्दा हुन्छ । अशोक राईलाई सङ्घीय परिषद्को अध्यक्ष बनाउनु भयो । उहाँको अवस्था त्यहाँ कस्तो थियो भनेर उहाँसँग बुझ्दा हुन्छ । पार्टी फोडेर गएकाहरू फेरि पार्टीमा फर्केर हालीमुहाली जमाएका छन् तर हामी १५ वर्षदेखि पार्टीमा निरन्तर छौं । हामीलाई बस्ने ठाउँसम्म पनि छैन । तर जो पार्टी विभाजन गरेर गएका थिए, फेरि फर्केर आएपछि पार्टी कार्यालयमा सबै सुविधा पाएका छन्, के यो अपमान होइन ? उहाँले पार्टीमा त्यसरी जथाभावी गर्न मिल्छ ? कसैलाई काखा, कसैलाई पाखा गर्ने बानीमात्र होइन, उहाँले हरेक व्यक्तिको विकल्पमा एउटा व्यक्ति उभ्याइदिनुहुन्छ र त्यसलाई पटक पटक अपमान गरेर पार्टी छाड्ने वतावरण बनाइदिनुहुन्छ । आजसम्म जति जनाले पार्टी फोडे, पार्टी छाडे, ती सबै अपमान र स्वभिमान बचाउनका लागि नै गरेको हो ।

पार्टीमा लागेका व्यक्ति पार्टीका क्याडर हुन् । उसको आफ्नो स्वाभिमान हुन्छ तर उहाँले कतिपय नेतालाई पार्टीकै बैठकमा अपमानजनक शब्द प्रयोग गर्नुभएको छ । नेताहरूलाई नालायक भनेर पनि अपमान गर्नुभएको छ । कसैलाई पदबाट हटाउनु पऱ्यो भने आफ्नो मनले हटाउनु हुन्छ । आफ्नै मनले राख्नु हुन्छ, जुन कुराको जानकारी पार्टीमा आधिकारिक रुपमा कहिले हुँदैनथ्यो । मधेस प्रदेशमा पटकपटक अध्यक्ष परिवर्तन गर्नुभयो । उहाँले तर पार्टीमा कहिले छलफल भएन । यति पीडा हुँदाहुँदै पनि पार्टीको माया लागेर हामी बसिरह्यौं तर कति त्यो अपमान र पीडा सहनु ? उहाँले यसरी बाध्य बनाएर निस्किने बाटो बनाइदिनुहुन्छ, जो कोही पनि त्यहाँबाट निस्किन्छन् ।

**० अहिले तपाईंले जे-जति कुरा भन्नुभयो, गुनासो गर्नुभयो, ती सबै कुरा महाधिवेशनबाट समाधान गर्नु सक्नु हुन्थ्यो नि ? महाधिवेशनसम्म किन पर्खिन सक्नुभएन ?**

– सक्ने कुरा नै हुँदैन नि ! मैले अघि नै भनेको छु कि महाधिवेशनको तयारी उपेन्द्र यादवले आफ्नै तरिकाले गर्नुभयो । त्यसमा अरु कसैलाई सामेल गराउनु भएन । साधारण सदस्य वितरण गर्नेदेखि लिएर, सङ्गठित सदस्य बनाउनसम्म उहाँले सबै सेटिङको आधारमा गर्नुभएको छ । महाधिवेशनमा कसैको दाल गल्नेवाला छैन । त्यहाँ थपडी बजाउने मात्र हो । उहाँले सबै डिजाइन बनाएर बस्नु भएको छ । त्यहाँ गएर उहाँले घोषणा गर्नेमात्र हो । महाधिवेशनबाट केही हुन्छ भन्ने हामीलाई लागेन । त्यसैले हामीले महाधिवेशनसम्म कुरेनौं ।

उपेन्द्र यादवको पछाडि जो जसले जति बोले पनि उहाँको अगाडि कसैले केही बोल्दैनन् । सबै नेताहरू उहाँसँग डराउँछन् । जो बोल्छन्, ती सबैको राजनीतिक जीवन उहाँले समाप्त गर्दिनुहुन्छ । त्यो डरले कसैले केही बोल्दैनन् । हामी बैठकमा पटक पटक बोल्यौं, त्यही भएर उहाँको आँखाको कसिङ्गर बन्यौं । उहाँले आफू बाहेक कसैलाई नेता नै मान्नु हुन्न । पार्टीमा कोही अलिकति एक्टिभ हुनुभयो भने उहाँले उसको खुट्टा काटिदिनुहुन्थ्यो । हामीले धेरै कुराको अध्ययन गरेर यो कदम उठाएका हौं । आफ्नो सानै घर भए पनि त्यहाँ चैन हुन्छ । अर्कोको ठुलो घरमा अपमान सहेर बस्न सकिँदैन ।

**० तपाईंले यत्रो मेहनत र सङ्घर्ष गरेर पार्टी बनाउनु भयो, आज त्यही पार्टी फोडेर अलग भइरहँदा आत्मग्लानि भएन ?**

– आत्मग्लानि त भएन तर दुख लाग्यो । पार्टी बनाउन निकै मेहनत गर्नुपऱ्यो । आन्दोलन गर्दा धेरैले सहादत दिए, मेरै सामुनेमा धेरैको ज्यान पनि गयो । पीडा भयो । पार्टी बनाउन कम्ता सङ्घर्ष गर्नुपरेन । घर बनाउन जसरी मेहनत गर्नुपर्छ, त्यो घर भत्किँदा पीडा हुन्छ । त्यसरी नै आफूले बनाएका पार्टी भत्किँदा दुःख लाग्छ तर जहाँ अपमान र ग्लानि हुन्छ, त्यो घरमा जबर्जस्ती बस्नु पनि हुँदैन । आफ्नो छुट्टै सानो, झोपडी बनाएर बस्न आनन्द हुन्छ ।

**० तपाईंले उपेन्द्र यादवमाथि जे-जे आरोप लगाउनु भयो, ती कुराहरू अशोक राईबाट पूरा हुन्छ भने तपाईंलाई विश्वास छ ?**

– अशोक राईजी हाम्रो पार्टीको अध्यक्ष हुनुहुन्छ । उहाँ एक्लै गर्न सक्नु हुन्न । उहाँको साथमा हामी छौं, हामी सबै मिलेर गर्छौं भनी विश्वास दिलाउन चाहन्छौं । सामूहिक नेतृत्व र सामूहिक निर्णय हुन्छ । त्यसको जस अपजसको भागिदार हामी सबै हुन्छौं । उपेन्द्रजीले पनि सामूहिक नेतृत्व तथा सामूहिक निर्णय गरेको भए यस्तो अवस्था आउने थिएन । आज देशका सबैभन्दा ठुलो पार्टीका नेता उहाँ हुनुहुन्थ्यो । एकल निर्णय, एकल सोचका कारण उहाँसँग देशका ठुलाठुला नेता टिक्न सक्नुभएन । सङ्गठनको काम कुनै एक्लो व्यक्तिले गर्न सक्दैन । त्यसका लागि सामूहिक नेतृत्व, टिम वर्क, सामूहिक निर्णय गर्नुपर्छ र त्यसका लागि हामी प्रतिवद्ध छौं ।

**० तपाईंहरूको पार्टी फुटाउन सत्ताधारी दल माओवादी र एमालेले सहयोग गरेको आरोप छ नि, यसमा के भन्नुहुन्छ ?**

– म अहिले पार्टीको सहअध्यक्ष हुँ । नयाँ पार्टी बनाउने क्रममा साथीहरूसँग थुप्रै पटक छलफल भएको हो तर त्यहाँ माओवादी र एमालेको चर्चासमेत पनि भएन । ती पार्टीका नेताहरूलाई कसैले भेटेका छन् जस्तो पनि मलाई लाग्दैन । मैले पनि कसैसँग भेटेको छैन । फोन संवाद पनि गरेको छैन । यो आरोप निराधार हो । अरु केही उपाय नलागेपछि यो आरोप लगाएका छन् । त्यो भ्रमपूर्ण आरोप हो । यो नयाँ पार्टी बनाउनुको पछाडि आफ्नै तयारी हो । आफ्नैखालको विस्फोट हो । यो पार्टी विभाजनमा कसैको हात छैन तर यति भन्छु 'घर फुटे गवार लुटे' भएको छ । एमाले खुसी भएको होला, माओवादी खुसी भएको होला, कांग्रेस खुसी भएको होला, अरु कोही दुःखी भएको होला, त्यो बेग्लै कुरा हो । एउटा पार्टी कमजोर भएपछि अर्को पार्टी खुसी हुनु स्वाभाविक हो ।

**० उपेन्द्र यादवले पैसाको चलखेल गरेर पार्टी फुटाएको आरोप लगाउनु भयो नि, के त्यो सही हो त ?**

– बिल्कुल गलत हो । उहाँले आरोप लगाउन कुनै कुरा फेला नपारेपछि त्यो आरोप लगाउनु भएको छ । हामी जति जना अहिले अलग भएका छौं, त्यो पैसामा बिक्नेबाला होइन भन्ने कुरा उपेन्द्रजीलाई राम्रोसँग थाहा छ । यस्ता कपोकल्पित आरोप लगाएर आफ्नो गल्ती ढाकाछोप गर्ने काम उहाँले गरिरहनु भएको छ । जनतालाई भ्रमित गरिरहनु भएको छ । –रातोपाटीबाट



**रेणु यादव**

**सहअध्यक्ष, जनता समाजवादी पार्टी**

# उपराष्ट्रपति यादवद्वारा सीता जयन्तीको शुभकामना



काठमाडौं । सीता उत्पत्ति दिवस (सीता जयन्ती), २०८१ को उपलक्ष्यमा उपराष्ट्रपति रामसहाय प्रसाद यादवले सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गरेका छन् ।

उपराष्ट्रपतिले शुभकामना सन्देश जारी गर्दै भनेका छन्, 'वैदेही, जनकनन्दिनी, जनकदुलारी, जानकी मातालगायत विभिन्न नामले सम्बोधन गरिने माता सीता हाम्रा राष्ट्रिय विभूति हुन् । उनको जयन्ती देशभरिका रामजानकी मन्दिरहरुमा विशेष पूजाअर्चनासहित धुमधामका साथ मनाउने परम्परा रही आएको छ। सीतालाई सत्यवती, पतिव्रता एवं आदर्श नारीका रुपमा सम्मान गरिन्छ। यी गुणहरु वर्तमान परिप्रेक्ष्यमा पनि उत्तिकै अनुशरणीय र अनुकरणीय छन् ।'

यो जयन्ती सीताको आदर्शबाट प्रेरित वैदिक समाज र प्राचीन कालमा कायम रहेको मातृ शक्तिको भूमिकालाई स्मरण गर्ने महत्वपूर्ण अवसर पनि हो । सांस्कृतिक, धार्मिक एवं प्राचीन ग्रन्थको पात्र सीताको योगदानलाई यो अवसरमा स्मरण गरिन्छ । सीताले आफ्नो जीवनमा अवलम्बन गरेको आदर्शलाई ग्रहण गर्न सके परिवार र समाजमा आपसी द्वन्द्व र मनोमालिन्यताको अन्त्य भई परस्पर शान्ति, प्रेम र मेलमिलापमा बृद्धि हुन सक्छ ।

भजन, कीर्तन र आरती सीता जयन्तीको केही महत्वपूर्ण आकर्षणहरु हुन् । यी सबै हाम्रो मौलिक संस्कृतिसंग जोडिएका छन् । यी सबैको संरक्षण गर्न अति आवश्यक छ । सीताको पूजाअर्चना भक्तिभाव र श्रद्धाभावले गरे व्यक्तिको जीवनमा सुख-समृद्धि र शान्ति प्राप्त हुने जनविश्वास रही आएको छ । यसैगरी रोग, दोष र पारिवारिक कहलबाट मुक्ति पाइने मान्यता पनि छ । यी मान्यताहरुलाई जीवन्त राख्दै आपसी सद्भाव र मैत्रीभाव कायम गर्न प्रतिबद्धता जनाउ"ने अवसरका रुपमा पनि सीता जयन्तीलाई लिन सक्नु पर्दछ ।

माता सीता आफ्नो समर्पण, आत्म-बलिदान, साहस र पवित्रताका लागि चिनिन्छिन् । उनी एकातिर नेपाली समाजका लागि एउटी आदर्श पत्नी हुन्, जसमा पतिपरायणता, त्याग, धैर्य, सेवा र शील छ, अर्को तिर युग-जीवन मर्यादा अनुरुप श्रमसाध्य जीवनयापनमा गौरव अनुभव गर्ने नारी पात्र पनि हुन् । नारी जीवनका लागि यी महत्वपूर्ण सूत्रहरु पनि हुन् । यी सूत्रहरुले जीवनलाई सरल, सुगम्य र सरस बनाउनमा सहयोग पुग्न सक्दछ ।

अन्त्यमा, सीता जयन्ती परिवार र समाजमा विद्यमान सबैखाले आपसी कलह, द्वेष, क्लेश, दु:ख र अशान्ति समाप्तिका लागि प्रतिबद्धता व्यक्त गर्ने अवसरका रुपमा लिँदै यो जयन्तीले नारीमाथि हुने शोषण, हिंसा र विभेद्को अन्त्यका लागि सबैलाई उत्प्रेरित गरोस् तथा सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा थप प्रेरणा प्रदान गर्न सकोस् ।

# हिन्दूवादीहरू राजनीतिक रूपमा सशक्त हुनुपर्ने आवश्यकता : अध्यक्ष यादव




नेपालगन्ज । बाँके जिल्लाको नेपालगंजमा राष्ट्रिय एकता अभियानको महत्वपूर्ण जिल्ला सम्मेलन सम्पन्न भएको छ । अभियान सो सम्मेलनले संघीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र इस्लामिक अतिवाद विरुद्ध चेतना जगाउने उदेश्यले आयोजना गरेको बताएको छ। सम्मेलन जिल्ला संयोजक राजकुमार रौनियार को अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा राष्ट्रिय अध्यक्ष विनय यादवको उपस्थिति रहेको थियो ।विशिष्ट अतिथिमा समाजसेवी किशोर लामा लगायतको उपस्थिति थियो।

नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ। सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो ।

सम्मेलनमा अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले भने, "अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौं, र हामी गर्नेछौं। कुनै पनि विदेशी शक्तिलाई हाम्रो देश कमजोर हुन नदिने ।"जिल्ला जिल्लामाँ हिन्दूमाथि आक्रमण भई रहेको छ त्यसको बिरुद्धमा कुनै राजनीतीक दल दखल दी रहेको छैन, देशको सम्पूर्ण राजनैतिक दल हिन्दू बिरोधी रहेको अब सम्पूर्ण हिन्दूवादीहरुले हिन्दुवादी राजनैतिक दल को निर्माणमा जुटनूको बिकल्प नरहेको प्रकाश पार्नु भयो।हिन्दूवादीहरु समाजिक रुपमा अति सक्रिय रहेको र अब राजनैतिक रुपले सशक्त हुनुपर्ने बताउनु भयो।

त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र इस्लामिक कट्टरपन्थी विरुद्ध निरन्तर आवाज उठाइरहेको छ। सम्मेलनमा यस्ता खतराका बारेमा जनचेतना जगाउने र त्यसको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको थियो ।

जिल्लामा अभियानको आदर्शको प्रचारप्रसार र सङ्गठनलाई बलियो बनाउनु हुनेछ ।

## मधेश अपडेट

### कोशीका मुख्यमन्त्रीले पाए विश्वासको मत

विराटनगर । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशसभाबाट विश्वासको मत लिएका छन् । बसेको प्रदेशसभा बैठकमा कार्कीले ५७ मत प्राप्त गरेका हुन् । उनको विपक्षमा भने शून्य मत परेको थियो । प्रदेशसभामामा पाँच सदस्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी भने तटस्थ बसेको थियो । बैठक प्रतिपक्षी दल नेपाली काँग्रेसले बहिष्कार गरेको थियो । कूल ९३ सदस्यीय प्रदेशसभामा ६२ सांसद उपस्थित थिए । कार्की तेस्रो पटक प्रदेश सरकारमा मुख्यमन्त्री बनेका हुन् । यसअघि विश्वासको प्रस्तावमाथि भएको छलफलमा नेकपा(एमाले) का प्रमुख सचेतक रेवतीरमण भण्डारी, नेकपा ( माओवादी केन्द्र) का संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र नेकपा (एकीकृत समाजवादी)का कमलप्रसाद जवेगुले विश्वासको प्रस्तावको पक्षमा मन्तव्य राखेका थिए ।

### मुख्य सचिव अर्यालसहितको टोलीद्वारा छिन्नमस्ता भ्रमण

